गौरिशंकर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सूरी, दोलखा

३ नं. प्रदेश

## आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्बन्धि बोलपत्र आव्हानको सूचना

पहिलो पटक प्रकाशित मितिः२०७६/०२/१६

नेपाल सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम बमोजिम आ.व.०७५/७६ मा गौरीशंकर गाउँपालिकाको वडा नं. १ र ३ मा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

१ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नविकरण गरेको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं.(PAN) लिएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व.०७४/७५ को करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु संलग्न गरी रु.३०००/-(तीन हजार) पछि फिर्ता नहुने गरी यस गाउँकार्यपालिकाको कार्यालय, सूरी, दोलखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फारामको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सही छाप गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म गाउँ कार्यपालिकाको कार्यालय, सूरी, दोलखाको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम ठेगाना र फोन नं. स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी दर्ता गरा उनुपर्नेछ ।

३ म्याद भित्र दर्ता भएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे यस गौरिशंकर गाउँपालिकाको हाता भित्र खोलिनेछ । बोलपत्रदाता निजका प्रतिनिधिहरुको अनुपस्थितीमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४ बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समय हुनेछ ।

५ शिलबन्दी बोलपत्र फाराम साथ जमानत बापत रकम हिमालय बैंक लिमिटेड, सूरी, दोलखामा रहेको गौरिशंकर गाउँपालिकाको धरौटी खाता नं. ०५६०७६५०३९००१४ (बैंक कोड नं. १०२ र कार्यालय कोड नं. २२३६५२०) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट (छैठौं संशोधन सहित) जारी भएको बोलपत्र जमानत (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ । यस्तो जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एकसय बिस) दिनको म्याद अवधि मान्य हुनुपर्नेछ ।

६ बोलपत्र दाताले बोलपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमको दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी अधिकार प्राप्त व्यक्तिले सहि छाप गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा बोलपत्र दाताको सहीछाप अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

७ कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, उपलब्ध गराइएको बोलपत्र फारममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८ नक्कली कागजात पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९ प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१० बोलपत्र खरिद कर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचिमा नपरेको भनी लिखित कबोल गरेको स्व:घोषणा पेश गर्नुपर्नेछ । सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाइएको साथै

११ बोलपत्र दाताले सम्भावित जोखिम प्रति स्वयम उत्तरदायी भई निर्माण स्थल लगायत सम्पूर्ण पक्षको जानकारी लिइएको मानिनेछ ।

१२ यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३ बोलपत्र सम्बन्धि अन्य कुरा थप जानकारीका लागि यस कार्यालयको website:www.gaurishankarmun.gov.np. Email: gs.dolakha@gmail.com मा वा सम्पर्क नं. [illegible] मा सम्पर्क गर्न सकिनेछ ।

| क.सं. | ठेक्का/सूचना नं. | कामको विरण | लागत अनुमान (भ्याट रकम सहित) | जमानत बापतको रकम | बोलपत्र दस्तुर | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|
| १ | GRM/NCB/02/075-076 | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. १ | ३७,७३,७०७८४ मात्र | १,१०,०००।- | ३,०००/- आन्तरिक खाता नं. ०५६०७६५०३९००१८ हिमालय बैंक लिमिटेड, सूरी, दोलखामा जम्मा गर्नुपर्ने छ । | ९० दिन |
| २ | GRM/NCB/03/075-076 | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ३ | ३७,७३,७०६।७५ मात्र | १,१०,०००।- | ३,०००/- आन्तरिक खाता नं. ०५६०७६५०३९००१८ हिमालय बैंक लिमिटेड, सूरी, दोलखामा जम्मा गर्नुपर्ने छ । | ९० दिन |

प्रमुख प्रशासकिय अधिकृत